# कालिका नगरपालिका प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०७७ प्रस्तावना :

विद्यालयको नेतृत्व बहन गरी व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीको काम गर्ने प्रधानाध्यापकको छनौट तथा व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को २ तथा कालिका नगरपालिका शिक्षा ऐन २०७५ को दफा ३८अनुसार कालिका नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यस कार्यविधिको नाम " कालिका नगरपालिका प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि कालिका नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक छनौट तथा व्यवस्थापन सम्बन्धमा मात्र लागू हुनेछ ।

(३) यो कार्यविधि कालिका नगरपालिका नगरकार्यपालिकाले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले कालिका नगरपालिका शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "प्रधानाध्यापक" भन्नाले विद्यालयको नेतृत्व बहन गरी व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीलाई सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले कालिका नगरपालिका सम्झनु पर्छ ।

(ङ) "शाखा" भन्नाले कालिका नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(च) "विद्यालय" भन्नाले प्रारम्भिक बाल विकास शिक्षा देखि बाह्र कक्षासम्म सञ्चालनमा रहेको विद्यालयलाई सम्झनु पर्छ

(छ) "समिति" भन्नाले कालिका नगरपालिका शिक्ष ऐन २०७५ को दफा २२ को उपदफा (१) बमोजिमको प्रधानाध्यापक नियुक्ति समिति सम्झनु पर्छ

३. **प्रधानाध्यापक विद्यालयको प्रमुख हुने** :

(१) विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको रुपमा काम गर्न एक जना प्रधानाध्यापक रहनेछ । (२) प्रधानाध्यापकले विद्यालयको समग्र प्रशासनिक र शैक्षिक उत्तदायित्व बहन गर्नु पर्नेछ ।

४. **प्रधानाध्यापक नियुक्ति समिति** : (१) कालिका नगरपालिका शिक्षा ऐन २०७५ को दफा २२ को उपदफा १ बमोजिम प्रधानाध्यापक छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक प्रधानाध्यापक नियुक्ति समिति रहेको छ :-

क) नगर शिक्षा समितिको अध्यक्ष – अध्यक्ष

ख) सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष – सदस्य

ग) सम्बन्धित वडाको वडाध्यक्ष – सदस्य

घ) प्रधानाध्यापक नियुक्ति समितिले मनोनित गरेको विज्ञ – सदस्य

ङ) नगर शिक्षा अधिकृत – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको प्रधानाध्यापक नियुक्ति समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिमको विज्ञको सूची नगरपालिकाको शिक्षा शाखाले अद्यावधिक गरी राख्नु पर्नेछ । त्यस्तो सूचीमा सूचीकृत गर्दा माध्यमिक विद्यालयको प्रधानाध्यापकका लागि कम्तीमा स्नातको त्तर वा सो सरहको उपाधि हासिल गरेका सामुदायिक विद्यालयमा मा.वि तहको स्थायी शिक्षक भई २ वर्ष पुरा गरेका कार्यरत प्र.अ. तथा शिक्षकलाइ सूचिकृत गर्नु पर्नेछ ।

(४) नगरपालिका भित्र तोकिएको योग्यता पुगेका विज्ञ उपलब्ध नभएमा छिमेकी नगरपालिकाको सूचीबाट विज्ञ छनौट गर्न सक्नेछ ।

५. **प्रधानाध्यापकको योग्यता** : (१) माध्यमिक विद्यालयको प्रधानाध्यापक हुन शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहमा स्थायी भै कार्यरत रहेको हुनु पर्नेछ । आधारभूत तहको प्रधानाध्यापक हुन शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातक वा सो सरहको योग्यता हासिल गरेको र आधारभूत तह (कक्षा ६-८)

२.२.५ विद्यालय सुधारका कार्यक्रमहरु

२.४ विद्यालय विकास योजना (रणनिति र कार्यनिति सहित) सुधारको ५ बर्षे कार्ययोजना

| सुधारको क्षेत्र | सुधारका क्रियाकलापहरु | कार्य प्रक्रिया | जिम्मेवारी | उपलब्धी सूचक | स्रोत व्यवस्था | समयावधि |
|---|---|---|---|---|---|---|
| भौतिक पक्ष | १. | | | | | |
| | २. | | | | | |
| | ३. | | | | | |
| आर्थिक पक्ष | १. | | | | | |
| | २. | | | | | |
| | ३. | | | | | |
| शैक्षिक पक्ष | १. | | | | | |
| | २. | | | | | |
| | ३. | | | | | |
| व्यवस्थापकीय पक्ष | १. | | | | | |
| | २. | | | | | |
| | ३. | | | | | |

२.५ बार्षिक कार्यान्वयन योजना :

२.६ संस्थागत क्षमता विकास योजना :

**आज्ञाले**

**गोपाल प्रसाद वगाले**

**प्रमुख प्रशासकीय अधिकृत**





(वा साविक निम्न माध्यमिक तह) मा स्थायी भै कार्यरत रहेको हुनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक तहमा स्थायी भई दश वर्ष सेवा अवधि पूरा गरिसकेको शिक्षकले शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह उतिर्ण नभयपनि शिक्षा शास्त्रमा स्नातक उत्तिर्ण वा सो सरह भएमा माध्यमिक विद्यालयको प्रधानाध्यापक छनौट प्रक्रियामा उम्मेदवार हुन सक्नेछ

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निम्न माध्यमिक तहमा स्थायी भई दश वर्ष सेवा अवधि पूरा गरिसकेको शिक्षकले शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उतिर्ण नभयपनि शिक्षा शात्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण भएको भए मात्र आधारभुत तहको विद्यालयको प्रधानाध्यापक छनौट प्रक्रियामा उम्मेदवार हुन सक्नेछ

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तहको कक्षा पाँच वा सोभन्दा तल्ला कक्षासम्म मात्र सञ्चालित विद्यालयमा शिक्षा शास्त्र विषयमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको र आधार भुत तहमा स्थायी भइ कार्यरत रहेको शिक्षक उम्मेदवार हुन सक्ने छ ।

(५) उपदफा ४ मा जुन सुकै कुरा लेखिएको भए तापनि आधारभुत तहमा स्थायी भइ प्रविणता प्रमाण पत्र तह वा दश जोड दुई वा सो सरहको योग्यता भइ कम्तिमा १० महिने शिक्षण सिकाइ सम्बन्धी तालिम प्राप्त स्थायी शिक्षक प्रधानाध्यापक छनौट प्रक्रियामा उम्मेदवार हुन सक्नेछ ।

६. **प्रधानाध्यापक छनौट प्रक्रिया** : (१) विद्यालयको प्रधानाध्यापक छनौटकागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नु पर्नेछ :-

(क) कुनै विद्यालयमा प्रधानाध्यापक पद रिक्त भएमा वा बहालवाला प्रधानाध्यापकको अवधि समाप्त हुने अवस्था भएमा विद्यालय व्यवस्थापन समितिले सोको लागी जानकारी सहित प्रधानाध्यापक नियुक्तिका लागि नगरपालिकामा अनुरोध गर्नु पर्नेछ । त्यसरी अनुरोध पठाउँदा विद्यालयको प्रधानाध्यापक पद रिक्त भएको १५ दिनभित्र विद्यालयले अनुरोध गरिसक्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम अनुरोध प्राप्त भएपछि नगरपालिका शिक्षा शाखाले प्रधानाध्यापक नियुक्ति समिति समक्ष पेश गर्नु पर्नेछ ।

ग) प्रधानाध्यापक नियुक्ति समितिले विज्ञ सदस्यको मनोनित गर्ने छ । त्यसरी समितिमा मनोनयन वा विज्ञ सदस्य तोक्ने कार्य विद्यालयबाट अनुरोध प्राप्त भएको १५ दिनभित्र गरिसक्नु पर्ने छ ।

(घ) प्रधानाध्यापक नियुक्ति समितिले आफ्नो कार्यविधि बनाई कम्तीमा २१ दिनको म्यादभित्र आवेदन दिन सक्ने गरी प्रधानाध्यापक पदमा छनौट हुनका लागि आवेदन आव्हान गर्नेछ ।

(ङ) प्रधानाध्यापक नियुक्ति समिति समक्ष पेश भएका आवेदनहरु अध्ययन गरी रित पुगेका आवेदकहरुको नामावली प्रकाशन गर्नेछ ।

(ङ) आवेदकहरु मध्येबाट यस कार्यविधिको अनुसूची-१ बमोजिमको मूल्याङ्कनका आधार बमोजिम प्रधानाध्यापक छनौट गर्नेछ । त्यसरी छनौट गर्दा उच्चतम् अङ्क प्राप्त गर्ने एक जनालाई योग्यता क्रमका आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्नु पर्नेछ । तर साठी अङ्क प्राप्त नगर्ने उम्मेदवारलाई प्रधानाध्यपकको पदमा नियुक्तिको लागि सिफारिस गरिने छैन ।

(च) समितिबाट खण्ड (ङ) बमोजिम सिफारिस भएको उम्मेदवारलाई नगरपालिकाले करार गरी नियुक्ति दिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रधानाध्यापक छनौट प्रक्रिया शुरु भएको दुइ महिना भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि प्रधानाध्यापक नियुक्ति समितिले विज्ञ छनोट गरेको दिनबाट छनौट प्रक्रिया शुरु भएको र प्रधानाध्यापक नियुक्त गरेको दिनलाई छनौट कार्य सम्पनन भएको दिन मानिनेछ ।

(३) नगर शिक्षा समितिको सिफारिशमा प्रधानाध्यापक नियुक्ति समितिले नगरपालिका अन्तर्गतका सम्पुर्ण विद्यालयमा प्रधानाध्यापक नियुक्तिका लागि नगरपालिका क्षेत्र भित्र कार्यरत योग्यता पुगेका शिक्षकहरुले प्रधानाध्यापकको उम्मेदवार हुन पाउने गरी प्रधानाध्यापक नियुक्ति प्रक्रिया सम्पादन गर्न सक्ने छ ।





न्तर मूल्यांकनको अवस्था, परीक्षा व्यवस्थापन, पाठ्यक्रम एवम् पाठ्यपुस्तक प्रयोगको अवस्था आदि विषयमा पनि विश्लेषण गर्ने)

१.३.३ विद्यालयको आर्थिक अवस्थाको विश्लेषण: विद्यालयको लेखा प्रणाली, आयश्रोत, श्रोत परिचालन, लेखा परीक्षण, आय व्ययको विवरण प्रस्तुत गरी त्यस को आवश्यक विश्लेषण समेत गर्ने)

१.३.४ विद्यालयको व्यवस्थापकीय अवस्थाको विश्लेषण: विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, समुदायको सक्रियता एवम् सहयोग सम्बन्धमा विश्लेषण गर्ने)

१.३.४ अतिरिक्त क्रियाकलापको विश्लेषण: खेलकुद, सदन विभाजन, साहित्यिक गतिविधि, संगीत, बाल क्लब गठन, सरसफाई अभियान, बगैचा व्यवस्थापन, अभिभावक जागरण आदि विषयमा विश्लेषण गर्ने)

१.४ विद्यालयको रणनीतिक (सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौति) विश्लेषण

१.४.१ विद्यालयको सवल पक्षहरु

१.४.२ विद्यालयको सुधार गर्नुपर्ने पक्षहरु

१.४.३ विद्यालयका अवसरहरु

१.४.४ विद्यालयका चुनौतिहरु

## द्वितीय खण्ड
## विद्यालय सुधार प्रस्ताव

२.१ विद्यालयको दूरदृष्टि, लक्ष्य र उदेश्य

२.२ विद्यालयका विद्यमान समस्याहरुको विश्लेषण, समाधान र विद्यालयको सुधार

२.२.१ विद्यालयको विद्ययमान समस्याहरुको विश्लेषण ।

२.२.२ समस्या समाधानका लागि गरिने प्रमुख सुधार कार्यहरु

२.२.३ सुधार कार्यहरुको प्राथमिकीकरण

२.२.४ विद्यालयको अवस्था सुधार गर्नको लागि अवलम्बन गरिने मुख्य रणनीतिहरु

अनुसूची-२ (दफा १४ सँग सम्बन्धित)

विद्यालय विकास प्रस्तावको ढाँचा

प्रथम खण्ड

विद्यालयको अवस्था विश्लेषण

१.१ पृष्ठभूमि

१.२ विद्यालयको सेवाक्षेत्रको विश्लेषण

१.२.१ विद्यालयको सेवाक्षेत्रः सेवाक्षेत्रभित्र पर्ने गाउँ, शहर, टोल खुलाउने र पूर्व निर्धारित चार किल्लाको विवरण उल्लेख गर्ने)

१.२.२ सेवा क्षेत्रको आर्थिक, सामाजिक, भौतिक, प्राकृतिक अवस्थाः सेवा क्षेत्रभित्रका नागरिकको पेशा, आर्थिक गतिविधि, गरिबीको अवस्था, विकासका पूर्वाधारको अवस्था, सामाजिक सचेतनाको स्तर, प्राकृतिक श्रोतसाधन आदि विषय को संक्षिप्त विश्लेषण गर्ने)

१.२.३ सेवा क्षेत्रको जनसांख्यिक तथा शैक्षिक अवस्था विश्लेषणः सेवा क्षेत्रको जनसंख्याको विवरण र उक्त क्षेत्रको शैक्षिक सूचकहरुको अवस्था (जस्तै साक्षरता, विद्यालयको पहुँच) नागरिकको शिक्षा प्रतिको चासो, जनसहभागिता आदि विषयको विश्लेषण गर्ने)

१.३ विद्यालयको मौजुदा अवस्थाको विश्लेषण

१.३.१ विद्यालयको भौतिक अवस्थाको विश्लेषण विद्यालयको जग्गा, भवन, फर्निचर, शौचालय, प्रयोगशाला, कम्प्युटर, खानेपानी आदि भौतिक श्रोत साधनको विवरण, तिनीहरुको पर्याप्तता र उपयोगको अवस्था सम्बन्धमा विश्लेषण गर्ने)

१.३.२ विद्यालयको शैक्षिक अवस्थाको विश्लेषणः विद्यार्थीको विवरण (भर्नादर, टिकाउ दर, कक्षा चढ्ने दर, सिकाइ उपलब्धि स्तर आदि सूचकका आधारमा), शिक्षक विवरण ( शिक्षकको नाम, ठेगाना, शैक्षिक योग्यता, तालिम, सेवा अवधि, अध्यापन गर्ने विषय आदि) को तथ्यांक प्रस्तुतीकरण गरी अवस्थाको संख्यात्मक र गुणात्मक विश्लेषण समेत गर्ने । विद्यार्थीको शैक्षिक उपलब्धिस्तरको बारेमा समेत थप विश्लेषण गर्ने । अध्यापन योजना, सिकाई सामग्री प्रयोग, निर





७. **प्रधानाध्यापकको कार्यसम्पादन करार गर्नुपर्ने** : (१) दफा (६) बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने व्यहोराको कार्यसम्पादन करार कालिका नगरपालिका सग गरी त्यस्तो उम्मेदवार लाई प्रधानाध्यापकको पदमा नियुक्ति गर्नु पर्नेछ ।

(२) प्रधानाध्यापकले कार्यसम्पादन करार बमोजिम कार्य सम्पादन गरे, नगरेको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन विद्यालय व्यवस्थापन समिति र शिक्षा,युवा तथा खेलकुद शाखाले गर्नेछ ।

८. **प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार** : प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने, (ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख स्थानीय शिक्षा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन शिक्षा युवा तथा खेलकुद शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा शिक्षा युवा तथा खेलकुद महाशाखामा सिफारिस गर्ने,

(ण) सम्बन्धीत निकायबाट स्थायी नियुक्ति, सरुवा/पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

(त) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(थ) नगरपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस कार्यविधिमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ती गरी करारमा नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

(ध) विद्यालयको प्रभावकारी संचालनको लागिवार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध-वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,





(९) नेतृत्व लिने क्षमता वापत अंक प्रदान गर्दा समेत ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अंक दिनु परेमा सोको पुष्ट्याई समेत गर्नु पर्नेछ ।

(१०) प्रधानाध्यापक नियुक्ति समितिले प्रधानाध्यापक पदको लागि शिक्षक सिफारिस गर्दा महिला, दलित र अपांग उम्मेदवार र अन्य उम्मेदवार को अंक बराबर भएमा क्रमश: महिला, दलित र अपाङ्ग उम्मेदवारलाई सिफारिस गर्नु पर्नेछ ।

(६) नगर शिक्षा अधिकृत र व्यवस्थापन समितिले प्रधानाध्यापकको उम्मेदवार को नेतृत्व लिने क्षमताको मूल्यांकन देहायका आधारमा गर्नु पर्नेछ :-

| मुल्यांकनका आधारहरु | अतिउत्तम (१.२५) | उत्तम (१.००) | मध्यम (०.७५) | सामान्य (०.५०) |
|---|---|---|---|---|
| क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशील | | | | |
| ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | |
| ग) शिक्षक विद्यार्थी र व्यवस्थापन समिति वीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| घ) उत्तरदयित्व र पारदर्शिता सम्बन्धि व्यवहार | | | | |
| जम्मा | | | | |

(७) सम्बन्धित विद्यालयका शिक्षकहरूले मूल्यांकन गरी अंक प्रदान गर्दा खण्ड (६) मा उल्लिखित मूल्याङ्कनको आधारमा दरबन्दी तथा अनुदानमा कार्यरत प्रत्येक शिक्षकलेगर्नु पर्नेछ । प्रधानाध्यापक नियुक्ति समितिले शिक्षकहरूबाट प्राप्त मूल्यांकनको औषत अंक निकाल्नु पर्नेछ । शिक्षकहरूले अलग अलग फाराममा गोप्य मूल्यांकन गरी समितिले तोकेको अवधिभित्र आफ्नो मूल्यांकन प्रधानाध्यापक नियुक्ति समितिलाई बुझाउनु पर्नेछ । उम्मेदवार हुनेले मूल्याङ्कनमा सहभागी हुन पाउने छैन ।

(८) व्यवस्थापन समितिले उम्मेदवारको मूल्यांकन गर्दा बैठक बसी लिखित निर्णय गर्नु पर्नेछ ।





(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई पठाउने व्यवस्था गर्ने ।

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने, (म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्ने,

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(र) स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवी प्रतिवेदन पारित गर्न शिक्षा शाखामा पठाउने,

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,

(व) कालिका नगरपालिका तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्यांक मन्त्रालयद्वारा निर्धारित ढाँचा र समय भित्र नगरपालिकामा पठाउने,

(ष) विद्यालयका स्थायी शिक्षकको कार्यसम्पादन मूल्याकंन भरी कालिका नगरपालिकामा र आृनो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

(स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फारम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी कालिका नगर पालिका मार्फत शिक्षक किताबखानामा पठाउने ।

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, सामाजिक सुरक्षाकोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

(क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामन तथा सेवा खरिद गर्ने ।

(त्र) प्रधानाध्यापक नगरपालिका , अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ ।

**यसका लागि** :

(१) अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने,

(२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले कालिका नगरपालिका संग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरिय शिक्षा प्रत्याभूत गर्नुपर्ने,

(३) शिक्षक एवं कर्मचारीलाई प्रधानाध्यापक प्रति जिम्मेवार बनाउन तथा गुणस्तरीय शिक्षाका लागि नगर शिक्षा समिति र कलिका नगरपालिकाले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलव्धिका लागि शिक्षकहरुसँग कार्यसम्पादन करार गर्नुपर्नेछ,

(४) विद्यालयको भौगोलिक सेवा क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसाहारा, विशेष आवश्यकता भएका तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालवालिकालाई कालिका नगरपालिका मार्फत छात्रबृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई वालवालिकालाई विद्यालयमा ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थिलाई अपेक्षित शैक्षिक उपलव्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुनेछ ,

(५) विद्यालयको प्राज्ञिक नेतृत्व गर्ने, प्रवद्धनात्मक कार्य गर्ने ।

**९. प्रधानाध्यापकको पदावधि** : (१) प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ । निज पुनः सो पदमा नियुक्ति हुन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रधानाध्यापकले आफूले गरेको कार्यसम्पादन करार बमोजिम काम नगरेको वा निजको





(४) अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत पछिल्लो तीन शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको बढीमा पांच अङ्कका दरले अधिकतम १५ अङ्क दिइनेछ । अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अङ्क दिंदा प्रति वर्ष देहायका आधारमा दिइनेछ :- अध्यापन गरेको विषयको कक्षागत औसत उपलब्धी ८० प्रतिशत वा सो भन्दा माथी भएमा ५ अंक, ७० प्रतिशत देखि ७९ सम्म भएमा ४ अंक ६० प्रतिशत देखि ६९ प्रतिशत सम्म भएमा ३ अंक र ५० प्रतिशत देखि ६९ प्रतिशत सम्म भएमा २ अंक र ४० प्रतिशत देखि ४९ प्रतिशत सम्म भएमा १ अंक प्रदान गरिने छ ।

(ख) सम्बन्धित विद्यालय बाहेक अन्य विद्यालयका शिक्षक प्राध्यानाध्यापक उम्मेदवार भएको अवस्थामा निजले पढाएको विद्यालयको विद्यार्थीको उपलब्धीको आधारमा यस खण्ड अनुसारको मूल्याङ्कन गर्नु पर्नेछ ।

(५) देहायको कार्य ढाँचामा तयार भएको विद्यालय विकास प्रस्ताव वापत अंक २८ अंक दिइने छ (क) दुर दृष्टि, लक्ष्य, उद्देश्य २ अंक, ख) विद्यालयको विद्यमान अवस्थाको विश्लेषण ३ अंक,ग) प्रस्तावित विद्यालय विकास योजना ( रणनीति र कार्यनीति सहित) १२ अंक (शैक्षिक ५, भौतिक ३, आर्थिक ३, व्यवस्थापकीय ४), घ) बार्षिक कार्यान्वयन योजना ३ अंक, ङ) संस्थागत क्षमता विकास योजना ३ अंक, च) प्रस्तावको प्रस्तुतीकरण वापत ५ अंक) । प्रस्ताव वापत अंक प्रदान गर्दा ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अंक दिनु परेमा सो को पुष्ट्याँई समेत दिनु पर्नेछ । विद्यालय विकास प्रस्तावको ढांचा अनुसूची २ मा दिइएको छ ।

| | | | | |
|---|---|---|---|---|
| ५ | नेतृत्व लिने क्षमता | क) नगर शिक्षा अधिकृतबाट<br>ख) विद्यालय व्यवस्थापन समितिबाट<br>ग) कार्यरत विद्यालयका शिक्षकहरुको मुल्यांकनबाट | ५<br>५<br>२ | |

**द्रष्टब्यः**

(१) न्यूनतम शैक्षिक योग्यता वापत अङ्क प्रदान गर्दा न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीको लागि १० अंक, द्वितीय श्रेणीको लागि ८ अङ्क र तृतीय श्रेणीको लागि ६ अङ्क दिइनेछ । माथिल्लो शैक्षिक योग्यता वापत अंक प्रदान गर्दा प्रथम श्रेणीको लागि ५ अंक, द्वितीय श्रेणीको लागि ३ अङ्क र तृतीय श्रेणीको लागि २ अङ्क दिइनेछ । माध्यामिक तहको हकमा माथिल्लो शैक्षिक योग्यता भन्नाले एम.फील. लाई जनाउँनेछ । तर दश वर्ष स्थायी सेवा गरेका शिक्षक उम्मेदवारको हकमा स्नातक तहको शैक्षिक योग्यताको क्रमशः प्रथम श्रेणीको भए ६ अंक , द्वितीय श्रेणीको भए ५ अङ्क र तृतीय श्रेणीको भए ४ अङ्क दिइनेछ ।

(२) शिक्षण अनुभव वापत अंक प्रदान गर्दा सम्बन्धित तह (विद्यालय) मा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो सो तहको प्रथम श्रेणीको भए १.५० अङ्कका दरले, द्वितीय श्रेणीको भए १.०० अङ्कका दरले र तृतीय श्रेणीको भए १.५० अङ्कका दरले बढीमा १५ अङ्क दिइनेछ । तर महिलाको हकमा १५ अङ्क ननाघ्ने गरी बीस प्रतिशत अङ्क थप गरिनेछ ।

(३) तालीम अन्तर्गत शैक्षिक तालीम वापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ । श्रेणी नखुलेको तालीमलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ । शिक्षकले सम्बन्धित तहको लागि लिएको कुनै एउटा तालीम वापत मात्र अङ्क पाउनेछ । तालीम अन्तर्गत विद्यालय व्यवस्थापन तालीम वापत अंक प्रदान गर्दा प्रथम श्रेणी भए ५ अंक, दितीय श्रेणी भए ३ अंक र तृतीय श्रेणी भए २ अंक प्रदान गरिनेछ ।





कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराव रहेको कुरा शिक्षा, युवा तथा खेलकुद शाखाले तोकेको अधिकृतले दिएको प्रतिवेदन र व्यवस्थापन समितिको सिफारिसबाट देखिन आएमा नगरपालिकाले निजलाई प्रधानाध्यापकको पदबाट हटाउन सक्नेछ । तर त्यसरी प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

**१०. प्रधानाध्यापक भत्ता** : (१) विद्यालयका प्रधानाध्यापकले देहाय बमोजिम मासिक भत्ता पाउनेछ :-

(क) माध्यमिक विद्यालयको प्रधानाध्यापकले - पाँचसय रूपैयाँ

(ख) कक्षा आठसम्म सञ्चालित आधारभूत विद्यालयको प्रधानाध्यापकले - तीनसय रूपैयाँ

(ग) कक्षा पाँच वा सोभन्दा कम कक्षा सञ्चालन भएका आधारभूत विद्यालयका प्रधानाध्यापकले - दुईसय रूपैयाँ

(२) कर्यसम्पादन सूचकको आधारभा प्रोत्साहन प्रदान गर्ने व्यवस्था भएको अवस्थामा नगरपालिकाले तोके बमोजिम प्रधानाध्यापक भत्ताको व्यवस्था गर्न सकिने छ ।

**११. निमित्त प्रधानाध्यापक सम्बन्धी व्यवस्था** : (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये वरिष्ठतम् स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । तर कुनै विद्यालयमा एकभन्दा बढी तह भएमा माथिल्लो तहको वरिष्ठतम् शिक्षकले निमित्त भई काम गर्नेछ ।

**१२. प्रधानाध्यापक सम्बन्धित विद्यालयमा कार्यरत शिक्षक हुनुपर्ने** : प्रधानाध्यापक नियुक्ति गर्दा जुन तहको विद्यालय हो, सोही तहमा अध्यापन गराउन चाहिने न्यूनतम शैक्षिक योग्यता भएको शिक्षकलाई मात्र प्रधानाध्यापकको पदमा नियुक्ति गर्नु पर्नेछ ।

१३. **प्र.अ. को विदा र काज स्वीकृती सम्बन्धमा** : कम्तिमा ३ दिन सम्म विदा लिनुपरेमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको पुर्व स्वीकृति लिइ बस्नुपर्ने छ । ३ दिन भन्दा बढि विदा लिइ बस्नुपरेमा वा काजमा जानुपरेको अवस्थामा विद्यालय व्यवस्थापन समितिको स्वीकृती लिई सोको जानकारी कालिका नगपालिकालाई दिनुपर्नेछ ।

१४ **विद्यालय विकास प्रस्तावको ढाँचा** : प्रधानाध्यपकको उम्मेदवार हुन चाहने शिक्षकले यस कार्यविधि बमोजिम व्यवस्थापन समिति समक्ष पेश गर्ने विद्यालय विकास प्रस्ताव अनुसूची-२ बमोजिमको ढाचाँमा तयार गर्नु पर्नेछ

१५. **पदमा बहाल रहने** : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको शैक्षिक योग्यता पूरा गरी यो कार्यविधि प्रारम्भ हुँदाका बखत कार्यरत प्रधानाध्यापकल निज नियुक्ति हुँदाका बखत तोकिएको शर्तको अधीनमा रही तोकिएको अवधिसम्म प्रधानाध्यापक पदमा बहाल रहनेछ ।

१६. **बाझिएमा अमान्य हुने** : यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म यस कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।



खण्ड ३ भाग २ संख्या २४ मिति २०७७/१०/०९

अनुसूची १

(दफा ६ को उपदफा १को खण्ड (ङ ) संग सम्बन्धित

**प्रधानाध्यापक छनौटका आधारहरु**

| क्र. सं | मुल्यांकनका आधारहरु | आधारको विस्तृतीकरण | पुर्णांक | कैफियत |
|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | क) न्यूनतम शैक्षिक योग्यता - प्रथम श्रेणी १०, दितीय श्रेणी ८, तृतीय श्रेणी ६)<br>ख) माथिल्लो शैक्षिक योग्यता - प्रथम श्रेणी ५, दितीय श्रेणी ३, तृतीय श्रेणी २) | १०<br>५ | |
| २ | शिक्षण अनुभव | क) सम्बन्धित तहको स्थायी शिक्षक भइ शिक्षणमा हासिल गरेका अनुभव वा जेष्ठता - प्रति वर्ष १ अंकका दरले) | १५ | |
| ३ | तालिम | क) शैक्षिक तालिम ( प्रथम श्रेणी १०, दितीय श्रेणी ८, तृतीय श्रेणी ६)<br>क) न्युनतम ३० कार्य दिनको व्यवस्थापन तालिम वापत - प्रथम श्रेणी भए ५, दितीय श्रेणी भए ३, तृतीय श्रेणी भए २ ) | १०<br>५ | |
| ४ | अध्यापन गरेको विषयमा प्राप्त नतिजा | तीन वर्षको औषत सिकाइ उपलब्धी - प्रति वर्ष ५ अंकका दरले १५ अंक) | १५ | |
| ४ | विद्यालय विकास प्रस्ताव | क) दुर दृष्टि, लक्ष्य, उद्देश्य २ अंक<br>ख) विद्यालयको विद्यमान अवस्थाको विश्लेषण ३ अंक<br>ग) प्रस्तावित विद्यालय विकास योजना (रणनीति र कार्यनीति सहित) १२ अंक<br>शैक्षिक ५<br>भौतिक ३<br>आर्थिक ३<br>व्यवस्थापकीय ४<br>घ) बार्षिक कार्यान्वयन योजना ३ अंक<br>ङ) संस्थागत क्षमता विकास योजना ३ अंक<br>च) प्रस्तावको प्रस्तुतीकरण ५ | २८ | |